# नेपाल राष्ट्र बैंक

### अनुसन्धान विभाग

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

***(आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)***

## आर्थिक परिदृश्य

1. नेपालको कृषि क्षेत्रको उत्पादन वृद्धिमा मौसमी अवस्थाको प्रमुख भूमिका रहदै आएको सन्दर्भमा यस वर्ष मनसुन अनुकुल रहेकोले कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । यसका साथै, बालीनालीमा उल्लेख्य महामारी रोग/कीराको प्रकोप नदेखिएको एवम् रासायनिक मल तथा किटनासक औषधीको उपलब्धता पनि सामान्य रहेकोले कृषि क्षेत्रमा यसको समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ।

2. चालू आर्थिक वर्षको लागि सरकारले गर्ने पुँजीगत खर्चमा उल्लेख्य वृद्धि गर्नुका साथै सोको कार्यान्वयनका लागि जोड दिइएको एवम् पुनर्निर्माण कार्यले गति लिने सन्दर्भमा औद्योगिक क्षेत्र अन्तर्गत निर्माण सम्वद्ध उद्योगहरुको साथै समग्र उद्योग क्षेत्रको क्षमता उपयोग तथा उत्पादनमा विस्तार हुने अपेक्षा रहेको छ।


3. गत वर्षको भूकम्प एवम् बन्द हड्तालका कारण सुस्त रहँदै आएको पर्यटन क्षेत्र समीक्षा अवधीसम्म अझै पुनरुत्थान हुन सकेको छैन । होटल एसोसियसनका अनुसार वर्षात् एवम् अफ-सीजन समेत भएकोले पर्यटक स्तरीय होटलहरुमा बेड अकुपेन्सी दर औसत ३० प्रतिशतको हाराहारीमा रहेको अनुमान छ।

4. मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउनमा प्रत्यक्ष एवम् परोक्षरुपमा उल्लेख्य भूमिका निर्वाह गर्दै आएको विप्रेषण आप्रवाहको वृद्धि कमजोर हुँदै आएकोले यसबाट सेवा क्षेत्रको वृद्धिका साथै समग्र आर्थिक वृद्धिदर नै प्रभावित हुने जोखिम भने देखिएको छ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

5. २०७३ असार महिनामा १०.४ प्रतिशत पुगेको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ साउन महिनामा ८.६ प्रतिशत रहेको छ ।



२०७२ साउन महिनामा यस्तो मुद्रास्फीति ६.९ प्रतिशत रहेको थियो ।

6. समीक्षा अवधिमा चिनी तथा चिनीजन्य पदार्थ, दलहन तथा गेडागुडी, तरकारी, फलफूल, विविध वस्तु तथा सेवाहरु, लत्ताकपडा तथा जुत्ता र घरायसी सामान तथा सेवाको मूल्य वृद्धिदर उच्च रहेकोले समग्र उपभोक्ता मुद्रास्फीतिमा केही चाप पर्न गएको हो ।

### खाद्य तथा पेय पदार्थ समूह

7. समीक्षा अवधिमा खाद्य मुद्रास्फीति ९.३ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य मुद्रास्फीति ७.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा यस समूह अन्तर्गतका विभिन्न उप-समूहहरुको मूल्य उच्च रहेको कारण खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क गत वर्षको तुलनामा बढेको हो । समीक्षा अवधिमा चिनी तथा चिनीजन्य पदार्थको मूल्य १९.५ प्रतिशत, दलहन तथा गेडागुडीको मूल्य १८.७ प्रतिशत, तरकारीको मूल्य १७.९ प्रतिशत र फलफूलको मूल्य १७.५ प्रतिशतले वृद्धि भएको छ ।

### गैर-खाद्य तथा सेवा समूह

8. समीक्षा अवधिमा गैर-खाद्य मुद्रास्फीति ८.१ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-खाद्य मुद्रास्फीति ६.६ प्रतिशत रहेको थियो । यस समूह अन्तर्गतका लत्ताकपडा तथा जुत्ताको मूल्य ११.२ प्रतिशत र घरायसी सामान तथा सेवाको मूल्य ९.७ प्रतिशतले वृद्धि भएको कारण गत वर्षको तुलनामा समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क बढेको हो ।

### क्षेत्रगत उपभोक्ता मुद्रास्फीति

9. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीति पहाडमा १०.९ प्रतिशत, तराईमा ८.५ प्रतिशत, हिमालमा ७.१ प्रतिशत र काठमाडौं उपत्यकामा ७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा मूल्य वृद्धिदर पहाडमा ७.३ प्रतिशत, तराईमा ५.८ प्रतिशत, हिमालमा ६.७ प्रतिशत र काठमाडौं उपत्यकामा ८.४ प्रतिशत रहेको थियो ।

### नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर

10. २०७३ को साउन महिनामा भारतको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ५.१ प्रतिशत रहेको छ भने नेपालको मुद्रास्फीति ८.६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यी दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ३.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाल तथा भारतमा यस्तो मुद्रास्फीति क्रमशः ६.९ प्रतिशत र ३.७ प्रतिशत रहेकोले दुई मुलुकबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ३.२ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

11. समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्यअन्तर्गत कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.६ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.४ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ५ प्रतिशतले वृद्धि भएको थियो भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क २.९ प्रतिशतले घटेको थियो ।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

12. समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १४.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क ६.१ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्कमा १८.३ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १४ प्रतिशतले वृद्धि भएको छ । तलबअन्तर्गत निजामती सेवा, सैनिक तथा प्रहरी बल र शिक्षा उप-समूहहरूको तलब सूचकाङ्क क्रमशः २४.२ प्रतिशत, २३.६ प्रतिशत र २०.७ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २१.८ प्रतिशत, १३.९ प्रतिशत र ११.७ प्रतिशतले वृद्धि भएको छ । नेपाल सरकारले निजामती कर्मचारीको तलब वृद्धि गरेकोले समग्र राष्ट्रिय तलब तथा ज्यालदर सूचकाङ्क बढेको हो ।

## बाह्य क्षेत्र

### वैदेशिक व्यापार

13. आर्थिक बर्ष २०७३/७४ को पहिलो महिनामा कुल वस्तु निर्यात ७.७ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा ३.९ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा भारततर्फ ०.८ प्रतिशत, चीनतर्फ ५८.५ प्रतिशत र अन्य मुलुकतर्फ १६.१ प्रतिशतले निर्यात बढेको छ । वस्तुगत आधारमा जुटका सामान, जुस, आयुर्वेदिक औषधि, रोजिन, चाउचाउ लगायतका वस्तुको निर्यात बढेको छ भने लत्ताकपडा, पोलिष्टर धागो, दाल, जि.आई. पाईप लगायतका वस्तुहरुको निर्यात घटेको छ ।




14. समीक्षा अवधिमा कुल वस्तु आयात १३ प्रतिशतले बढेर रु. ७० अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ७.२ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा भारतबाट भएको आयात ९.५ प्रतिशत, चीनबाट भएको आयात १०.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात २६.२ प्रतिशतले बढेको छ । वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपूर्जा, खानेतेल, दूरसञ्चारका उपकरण, विद्युतीय सामान, एम.एस विलेट लगायतका वस्तुको आयात बढेको छ भने कोल्डरोल सिट ईन क्वाइल, हटरोल सिट ईन क्वाइल, एम.एस वायर, चाँदी, कच्चा सोयाविन तेल लगायतका वस्तुहरुको आयात घटेको छ ।

15. भन्सार नाकाका आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाका, सुख्खा वन्दरगाह भन्सार नाका, नेपालगंज भन्सार नाका, कैलाली भन्सार नाका र वीरगञ्जबाट भएको निर्यातमा वृद्धि भए तापनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा कमी आएको छ । त्यसैगरी, आयाततर्फ समीक्षा अवधिमा मुलुकको प्रमुख व्यापारिक नाका वीरगञ्ज भन्सार नाका, बिराटनगर भन्सार नाका र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

16. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १३.६ प्रतिशतले बढी रु. ६३ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा ८.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ९.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १०.३ प्रतिशत रहेको थियो ।

## निर्यात आयात मूल्य सूचकाङ्क

17. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १६.५ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ४.५ प्रतिशतले कमी आएकोले व्यापारको सर्त (Terms of Trade) मा २२ प्रतिशतले सुधार भएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अनुपात २१.८ प्रतिशतले बढेको थियो । गलैंचा, अलैंची, यार्सागुम्बाको निर्यात मूल्यमा वृद्धि भएको कारण निर्यात मूल्य सूचकाङ्कमा वृद्धि भएको हो भने पेट्रोलियम पदार्थ, पशुआहार, खानेतेल, टायरको आयातित मूल्यमा कमी आएको कारण आयात मूल्य सूचकाङ्कमा कमी आएको हो ।

## सेवा

18. समीक्षा अवधिमा कुल सेवा आय १.५ प्रतिशतले घटेको र कुल सेवा खर्च १४.८ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. ३ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु. १ अर्ब ४३ करोडले घाटामा रहेको थियो ।

19. सेवा खाता अर्न्तगत पर्यटन आय समीक्षा अवधिमा ४९.४ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो बर्ष यस्तो आय ९.९ प्रतिशतले घटेको थियो ।

**बक्स १: बाह्य क्षेत्रको अवस्था (अमेरिकी डलर)***

(अमेरिकी डलर करोड)

| विवरण | २०७१/७२ | | २०७२/७३ | | २०७३/७४ | पहिलो महिनाको प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|
| | पहिलो महिना | बार्षिक | पहिलो महिना | बार्षिक | पहिलो महिना | २०७२/७३ | २०७३/७४ |
| वस्तु निर्यात (एफ ओ वि) | ७.८ | ९८.८ | ७.२ | ७०.४ | ७.१ | -७.८ | -१.२ |
| वस्तु आयात (एफ ओ वि) | ५८.८ | ७६५.८ | ५९.६ | ७०९.२ | ६४.५ | १.४ | ८.२ |
| व्यापार सन्तुलन | -५१.१ | -६६७.० | -५२.५ | -६३८.९ | -५७.५ | २.८ | ९.५ |
| कुल व्यापार | ६६.६ | ८६४.६ | ६६.८ | ७७९.६ | ७१.६ | ०.३ | ७.२ |
| चालु खाता | १.३ | १०६.७ | ८.० | १३३.९ | -२.२ | - | - |
| भ्रमण आय | २.८ | ५३.७ | २.४ | ३९.३ | ३.४ | -१४.७ | ४२.७ |
| विप्रेषण आप्रवाह | ४३.५ | ६१९.२ | ५२.० | ६२५.३ | ४८.५ | १९.६ | -६.८ |
| शोधनान्तर (-बचत) | -२.९ | -१४३.७ | -४.७ | -१७८.० | २.० | - | - |

* शोधनान्तर तालिका अनुसार ।

1. अमेरिकी डलरका आधारमा आर्थिक बर्ष २०७३/७४ को पहिलो महिना कुल वस्तु निर्यात १.२ प्रतिशतले घटेको र कुल वस्तु आयात ८.२ प्रतिशतले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा वस्तु निर्यात ७.८ प्रतिशतले घटेको तर वस्तु आयात १.४ प्रतिशतले बढेको थियो ।

2. अघिल्लो आर्थिक बर्षको पहिलो महिनामा अमेरिकी डलर ७ करोड ९५ लाख बचतमा रहेको चालू खाता समीक्षा अवधिमा अमेरिकी डलर २ करोड १६ लाखले घाटामा रहेको छ । त्यसैगरी, शोधनान्तर स्थिति अघिल्लो बर्षको पहिलो महिनामा अमेरिकी डलर ४ करोड ६६ लाखले बचतमा रहेकोमा समीक्षा अवधिमा अमेरिकी डलर १ करोड ९८ लाखले घाटामा रहेको छ ।

3. समीक्षा अवधिमा भ्रमण आय ४२.७ प्रतिशतले बढेको र विप्रेषण आप्रवाह ६.८ प्रतिशतले घटेको छ । अघिल्लो बर्षको सोही अवधिमा भ्रमण आय १४.७ प्रतिशतले घटेको र विप्रेषण आप्रवाह १९.६ प्रतिशतले बढेको थियो ।

## विप्रेषण आप्रवाह


20. समीक्षा अवधिमा विप्रेषण आप्रवाह २.५ प्रतिशतले घटी रु. ५१ अर्ब ९४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २६.३ प्रतिशतले वृद्धि भएको थियो । विप्रेषण आप्रवाह घटेको कारण खुद ट्रान्सफर आय २.५ प्रतिशतले कमी आई रु. ५९ अर्ब ७९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय २९.७ प्रतिशतले बढेको  थियो ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

21. अघिल्लो वर्षको पहिलो महिनामा रु. ८ अर्ब १५ करोडले बचतमा रहेको चालू खाता विप्रेषण आप्रवाह र वैदेशिक अनुदान घटेको कारण समीक्षा अवधिमा रु. २ अर्ब ३२ करोडले घाटामा रहेको छ । त्यसैगरी, अघिल्लो वर्षको पहिलो महिनामा रु. ४ अर्ब ७७ करोडले बचतमा रहेको समग्र शोधनान्तर समीक्षा अवधिमा रु. २ अर्ब १३ करोडले घाटामा रहेको छ ।

22. समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर रु. ६१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १ अर्ब २३ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा पुँजीगत ट्रान्सफर रु. ७५ करोड र प्रत्यक्ष वैदेशिक लगानी रु. ४ करोड रहेको थियो ।

## विदेशी विनिमय सञ्चिति



चार्ट ३: कुल विदेशी विनिमय सञ्चिति (पहिलो महिना)

23. कुल विदेशी विनिमय सञ्चिति २०७३ असार मसान्तको रु. १०३९ अर्ब २१ करोडबाट ०.३ प्रतिशतले वृद्धि भई २०७३ साउन मसान्तमा रु. १०४१ अर्ब ९७ करोड पुगेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७३ असार मसान्तको रु. ८८७ अर्ब १ करोडको तुलनामा २०७३ साउन मसान्तमा ०.६ प्रतिशतले कमी आई रु. ८८१ अर्ब ४७ करोड पुगेको छ । त्यसैगरी, बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति ५.४ प्रतिशतले वृद्धि भई रु. १६० अर्ब ४९ करोड पुगेको छ । कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२ प्रतिशत रहेको छ ।

## सञ्चिति पर्याप्तता सूचकहरू

24. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.१ महिनाको वस्तु आयात र १२.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । समीक्षा अवधिमा विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४६.३ प्रतिशत, १०६ प्रतिशत र ४६.३ प्रतिशत रहेका छन् । २०७३ असार मसान्तमा यस्ता अनुपातहरू क्रमशः ४६.२ प्रतिशत, ११७.४ प्रतिशत र ४६.३ प्रतिशत रहेका थिए ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम एवम् सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

25. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ साउन मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ४७.७७  रहेकोमा २०७३ साउन मसान्तमा १ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ४८.२७ कायम भएको छ । त्यसैगरी, सुनको मूल्य २०७२ साउन मसान्तमा प्रति आउन्स


अमेरिकी डलर ११९८.८० रहेकोमा २०७३ साउन मसान्तमा २०.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १३४४ पुगेको छ ।

26. २०७३ असार मसान्तको तुलनामा २०७३ साउन मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग स्थिर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.५ प्रतिशतले अवमूल्यन भएको थियो । २०७३ साउन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०६.७२ पुगेको छ । २०७३ असार मसान्तमा उक्त विनिमय दर रु. १०६.७३ रहेको थियो ।

## सरकारी वित्त स्थिति*

### बजेट घाटा/बचत

27. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५२ अर्ब ४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो बचत रु. ३१ अर्ब ९७ करोड रहेको थियो ।




### सरकारी खर्च


28. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. २ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च रु. १३ करोड रहेको थियो ।

29. समीक्षा अवधिमा चालू खर्च बढेर रु. २ अर्ब ३० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च रु. ११ करोड रहेको थियो । समीक्षा अवधिमा पुँजीगत खर्च रु. १० लाख मात्र भएको छ । अघिल्लो वर्ष यस्तो खर्च रु. २ करोड १६ लाख भएको थियो ।

**वक्स २ बजेटको प्रगती**

| शीर्षक | बजेट अनुमान | पहिलो महिनाको प्रगति | |
|---|---|---|---|
| | (रु. करोडमा) | रु. करोडमा | बजेट अनुमानको प्रतिशतमा |
| **कुल खर्च** | १०४,८९२.१ | २३०.५ | ०.२ |
| चालू खर्च | ६१,७१६.४ | २३०.४ | ०.४ |
| पुँजीगत खर्च | ३१,१९४.६ | ०.१ | ०.० |
| वित्तीय व्यवस्था खर्च | ११,९८१.१ | ०.० | - |
| **राजस्व** | ५६,५८९.७ | ४१०६.६ | ७.३ |

### सरकारी राजस्व




30. समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ३६ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ७ करोडमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १२.९ प्रतिशतले वृद्धि भएको थियो । मूल्य अभिवृद्धिकर, भन्सार, आयकर तथा

---

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरू, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६९ वटा शाखाहरू, नेपाल बैंक लिमिटेडका ४९ वटा शाखाहरू मध्ये ४६ वटा शाखाहरू, कृषि विकास बैंक लिमिटेडका २४ वटा शाखाहरू मध्ये २२ वटा शाखाहरू, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरू, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरू र नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैक अफ काठमाडौं लुम्बिनीको १/१ शाखा र जिल्लास्थित ७९ वटै कोष तथा लेखा नियन्त्रण कार्यालयहरू र भुक्तानी केन्द्रहरूबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

अन्तशुल्क लगायतका प्रमुख राजस्वका शीर्षकहरु उच्च दरमा बढेकाले सरकारको कुल राजस्व संकलनको वृद्धिदर उच्च रहन गएको हो ।


### सरकारको नगद मौज्दात

31. स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७३ साउन मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १८४ अर्ब ९७ करोड नगद मौज्दात कायम रहेको छ ।

## मौद्रिक तथा वित्तीय स्थिति

### मुद्राप्रदाय

32. समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ०.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ०.६ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय २०.५ प्रतिशतले बढेको छ ।





33. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २ अर्ब १३ करोडले घटेको छ । समीक्षा अवधिमा आयात विस्तार भएका कारण खुद वैदेशिक सम्पत्ति घटेको हो । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ४ अर्ब ७७ करोडले बढेको थियो ।

34. समीक्षा अवधिमा सञ्चित मुद्रा ४.८ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १६.६ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा उक्त मुद्रा १९.५ प्रतिशतले बढेको छ ।

### कुल आन्तरिक कर्जा

35. समीक्षा अवधिमा कुल आन्तरिक कर्जा २.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.७ प्रतिशतले घटेको थियो । वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा यस्तो कर्जा १८.१ प्रतिशतले बढेको छ ।




36. समीक्षा अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १.१ प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ साउन मसान्तमा २४.५ प्रतिशतले बढेको छ ।

### निक्षेप सङ्कलन

37. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ०.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ०.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ०.३ प्रतिशत र २.१ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप ०.३ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २०.५ प्रतिशतले बढेको छ ।

### कर्जा प्रवाह

38. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ०.७ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.४ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ०.९ प्रतिशत र ०.५ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको ०.६ प्रतिशतले घटेको छ । वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २५.१ प्रतिशतले बढेको छ ।

39. समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा ०.६ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ०.३ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ०.३ प्रतिशत, सेवा उद्योगतर्फको कर्जा १.७ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ०.७ प्रतिशतले बढेको छ ।

40. २०७३ साउनसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो धितोमा प्रवाहित कर्जाको अनुपात क्रमशः ५९.३ प्रतिशत र १२.९ प्रतिशत रहेको थियो ।

41. २०७३ साउनसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २५३ अर्ब ४२ करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १४५ अर्ब ८८ करोडको आवासीय घरकर्जा समेत) रहेको छ । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १५ प्रतिशत हुन आउँछ । २०७३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रु. ३७ अर्ब २८ करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३५ अर्ब ७४ करोड) छ ।

42. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा) ५.७ प्रतिशत (रु. ४ अर्ब १५ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ०.२ प्रतिशतले बढेको थियो ।

### तरलता व्यवस्थापन

43. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा यस बैंकले रु. ३२ अर्ब ४५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ५ अर्ब, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. २७ अर्ब ४५ करोड तरलता प्रशोचन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप बोल-कबोलमार्फत् रु. ५७ अर्ब २५ करोड, रिभर्स रिपोमार्फत् रु. १३ अर्ब तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ५ अर्ब ९० करोड तरलता प्रशोचन भएको थियो ।

44. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २२ करोड ८ लाख खुद खरिद गरी रु. २३ अर्ब ६३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ३३ करोड २५ लाख खुद खरिद गरी रु. ३४ अर्ब ४ करोड खुद तरलता प्रवाह भएको थियो ।

45. समीक्षा अवधिमा अमेरिकी डलर २६ करोड र यूरो ७ करोड ५० लाख बिक्री गरी रु. ३६ अर्ब ८३ करोड बराबरको भा.रु. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ३२ करोड बिक्री गरी रु. ३२ अर्ब ८० करोड बराबरको भा.रु. खरिद भएको थियो ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

46. उत्पादनशील क्षेत्रतर्फ लगानी तथा निर्यात विस्तारमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यस बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जाको उपयोग समीक्षा अवधिमा घटेको छ । समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. २४ करोड ४३ लाख उपयोग भएको छ । अघिल्लो वर्षको सोही अवधिमा साधारणतर्फ रु. ५८ करोड र निर्याततर्फ रु. २ करोड गरी कुल रु. ६० करोड पुनरकर्जा उपयोग भएको थियो । त्यसैगरी, भूकम्प पीडितहरूलाई राहत प्रदान गर्न यस बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०७३ साउन मसान्तसम्म रु. ७ करोड ९० लाख कर्जा प्रवाह भएको छ ।

47. वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७३ साउन मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १६.५२ प्रतिशत पुगेको छ ।

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग

48. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा वाणिज्य बैंकहरूले रु. ७४ अर्ब ५३ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. २६ अर्ब ३५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरू र अन्य वित्तीय संस्थाहरूले क्रमशः रु. ५४ अर्ब १६ करोड र रु. १० अर्ब ३९ करोडको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले स्थायी तरलता सुविधाको उपयोग गरेका छैनन् ।

## ब्याजदर

49. २०७२ साउनको तुलनामा २०७३ साउनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर घटेको छ भने वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर केही बढेको छ । २०७२ साउनमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.९५ प्रतिशत रहेकोमा २०७३ साउनमा ०.४४ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ साउनको ०.७४ प्रतिशतको तुलनामा २०७३ साउनमा ०.८२ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७२ साउनको ३.०९ प्रतिशतको तुलनामा २०७३ साउनमा ३.१६ प्रतिशत रहेको छ ।

50. २०७३ साउनमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.६८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको साउनमा यस्तो ब्याजदर अन्तर ४.५५ प्रतिशत रहेको थियो ।

त्यसैगरी, वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर २०७२ साउनको ७.१८ प्रतिशतको तुलनामा २०७३ साउनमा ६.१ प्रतिशत कायम हुन आएको छ ।

### मर्जर/प्राप्ति

51. वित्तीय स्थायित्व अभिवृद्धि गर्न अवलम्बन गरिएको मर्जर/प्राप्ति नीति कार्यान्वयनमा आएसँगै मर्जर तथा प्राप्ति प्रक्रियामा सामेल हुने बैंक तथा वित्तीय संस्थाहरूको संख्या बढ्दै गएको छ । २०७३ साउन मसान्तसम्ममा कुल ११९ वटा बैंक तथा वित्तीय संस्थाहरू (घ वर्गका सहित) मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ७८ वटा संस्थाहरुको इजाजत खारेज हुनगई कुल ४१ संस्था कायम रहेका छन् ।

## पूँजी बजार

52. २०७२ साउन मसान्तमा १,१५७.६ विन्दु रहेको नेप्से सूचकाङ्क २०७३ साउन मसान्तमा १,७१७.५ विन्दु पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुको पूँजी वृद्धि गरिने नीति कार्यान्वयनका लागि अघि सारिएका योजनाबाट लगानीकर्ताहरु उत्साहित भएको, सेयर कारोबार प्रणालीमा सुधारहरु गरिएको एवम् लगानीकर्ताहरुमा राजनीतिक संक्रमण अन्त्य हुने अपेक्षा बढ्दै गएको कारण सेयर बजार परिसूचक उच्चदरमा बढेको हो ।

53. आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा कुल सेयर कारोबार रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २३१.२ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब ७८ करोड पुगेको छ । डिम्याट प्रणालीबाट कारोबार भई स्टकको तरलता बढेको, चालू आर्थिक वर्षदेखि नेप्सेको कारोबार समयमा वृद्धि भएको तथा नेप्से सूचकाङ्कमा वृद्धि भएको कारण कुल कारोबार रकममा उल्लेख्य वृद्धि देखिएको हो ।